Scanned with CamScanner

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कपिलवस्तु

**मिति २०८३/०३/१७ गते जिल्ला विपद् व्यवस्थापन समिति कपिलवस्तुको बैठकका निर्णयहरु :**

१. यस अधिका बैठकका निर्णयहरुको समिक्षा गर्दै मनसुनको समयमा जिल्लामा हुन सक्ने विपद्जन्य घटनाहरुको बारेमा विस्तृत छलफल तथा जानकारी भयो।

२. मनसुनको समयमा जिल्लामा सम्भावित विपद्जन्य घटनाको प्रतिकार्यको लागि तयार गरीएको मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना,२०८३ को प्रस्तावित मस्यौदालाई स्वीकृत गर्ने।सो को प्रभावकारी कार्यान्वयन सम्वद्ध सबै निकायहरुले गर्ने।

३. विभिन्न सरोकारवाला निकायहरुको सहयोग तथा जिल्ला विपद् व्यवस्थापन समिति कपिलवस्तुले स्वीकृत गरी कार्यान्वयमा ल्याएको जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०८२/०८३ (DPRP)लाई परिमार्जन सहित स्वीकृत गर्ने।

४. विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, २०८२ बमोजिम जिल्ला स्थित विषयगत कार्यालयहरुको अगुवाई तथा अन्य साझेदार निकायहरुको सहयोगमा विभिन्न विषयगत क्लष्टरहरु सकृय भई आपतकालिन प्रतिकार्य पुनर्स्थापना तथा पुनर्लाभिका क्रियाकलापहरु संचालन गर्ने र सबै क्लष्टरहरुमा काम गर्ने गैरसरकारी संघ/संस्थाहरुलाई समेत सकृयतापूर्वक सहभागिताका लागि अनुरोध गर्ने।

५. विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन कार्यकारी समितको मिति २०८३ वैशाख ३१ गतेको बैठकबाट स्वीकृत यस वर्षको मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना,२०८३ कार्यान्वयन सम्वन्धमा यस जिल्लामा विपद्को क्षेत्रमा क्रियाशिल सबै सरकारी निकायहरु, स्थानिय तहहरु तथा गैरसरकारी संघ/संस्थाहरुले मनसुन पूर्वतयारी तथा प्रतिकार्यका लागि तयारी अवस्थामा वस्ने।

६. बर्षातको समयमा हुलाकी राजमार्ग, पूर्व पश्चिम राजमार्ग, तथा अन्य भित्रि सडकहरुमा खाल्डाखुल्डी पुर्ने तथा कुनै पनि कारणले अवरुद्द नहुने सुनिश्चिता सडक डिभिजन कार्यालय, हुलाकी सडक योजना कार्यालय र गोरुसिङ्गे बुटवल सडक विस्तार आयोजनाले व्यवस्था मिलाउने।सबै पालिका र पूर्वाधार कार्यालयहरुले आफ्नो मातहतका सडकहरु वर्षातको समयमा समेत अवरुद्ध नहुने व्यवस्था मिलाउने।

७. सबै स्थानिय तहहरु र सम्बन्धित कार्यालयहरुले विपद् जोखिमयुक्त स्थान पहिचान गरी जोखिमबाट भौतिक एवं मानवीय क्षति हुन नदिन पूर्व तयारी र सतर्कता अपनाउने।

जनार्दन गौतम
प्रमुख जिल्ला अधिकारी

CS Scanned with CamScanner

८. विपद् जोखिमको हिसाबले संवेदनशील सडक मार्ग पहिचान गरी जोखिम न्यूनीकरण गर्न सम्बन्धित निकायहरुले समयमै समन्वय गरी विपद्को बेला सडक अवरुद्ध भई सवारी आवागमन बन्द भएको अवस्थामा अलपत्र परेका र जोखिममा रहेका यात्रुहरुलाई सुरक्षित राख्न योजना तयार पारी सोही अनुसार कार्यान्वयन गर्ने।

९. विपद्को समयमा खोज, उद्धार तथा राहत र पुनर्लाभ सम्बन्धी कार्यलाई प्रभावकारी बनाउन तथा विपद्को समयमा हुन सक्ने जनधनको क्षतिलाई न्यूनिकरण गर्न सबै स्थानिय तहहरुले आ-आफ्नो स्थानीय विपद् व्यवस्थापन कोषमा रहेको मौज्दात रकम र चालु आ.व.मा विनियोजित रकमलाई जिल्ला भित्र विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन गर्ने कार्यलाई प्रभावकारी, सुव्यवस्थित र परिणाममुखी बनाउन आवश्यक पूर्वप्रबन्ध मिलाउने।

१०. मिति २०८३/०१/३१ गते विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ बमोजिम कार्यकारी समितिद्धारा स्वीकृत भएको विपद् प्रभावित निजी आवास प्रबलीकरण, पुनर्निमाण तथा पुनर्थापना अनुदान (दोस्रो संशोधन) कार्यविधि, २०८३ हाल कार्यान्वयनमा आईसकेको सन्दर्भमा उक्त कार्यविधि बमोजिम विपद् बाट क्षतिग्रस्त वा जोखिममा रहेका निजी आवासलाई सुरक्षित तरीकाले प्रबलीकरण, पुनर्निमाण तथा पुनर्थापनाका लागि प्राप्त हुने अनुदानलाई सोही कार्यविधि बमोजिम जिल्ला विपद् व्यवस्थापन समिति र सबै स्थानिय तहहरुले आ-आफ्नो भूमिका वहन गरी व्यवस्थित बनाउने।

११. "खोज तथा उद्धार टोली गठन तथा परिचालन सम्बन्धी मापदण्ड, २०८३", "कृत्रिम घटना अभ्यास सञ्चालन कार्यविधि, २०८३" र "पूर्वानुमानमा आधारित पूर्वकार्य राष्ट्रिय कार्यढाँचा, २०८३" लाई कार्यान्वयमा लैजान जिल्लामा सबै संघ, प्रदेश र स्थानिय तहहरुका कार्यालयहरु, गैरसरकारी निकायहरु र समुदायबीच समन्वय, सहकार्य क्षमताको परीक्षण तथा सुरक्षा व्यवस्था सुनिश्चित हुने वातावरण तयार पार्ने।

१२. विपद्को क्षेत्रमा क्रियाशिल सरकारी तथा गैरसरकारी संघ/संस्थाहरुको मिति २०८३/०२/०३ गतेको बैठकका निर्णयहरु प्रभावकारी ढङ्गले कार्यान्वयमा लैजाने।

१३. मनसुन अवधिभर जिल्ला प्रशासन कार्यालयस्थित DEOC तथा सबै स्थानीय तहका LEOC हरूलाई २४ घण्टा सक्रिय राखी विपद् सूचना संकलन, विश्लेषण, सम्प्रेषण तथा प्रतिकार्य समन्वय कार्यलाई प्रभावकारी बनाउने।

१४. बाणगंगा, बुद्धभूमि, शिवराज, महाराजगञ्ज, कृष्णनगर,विजयनगर लगायत बाढी तथा डुबान प्रभावित क्षेत्रहरूको जोखिम नक्सा अद्यावधिक गरी जोखिमयुक्त बस्तीहरूको नियमित अनुगमन गर्ने तथा आवश्यक परे पूर्वसूचना जारी गर्ने।

१५. नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाली सेना, नेपाल रेडक्रस सोसाइटी तथा स्थानीय तहको समन्वयमा डुङ्गा, लाइफ ज्याकेट, रस्सी, प्राथमिक उपचार सामग्री, खाद्यान्न, त्रिपाल, ब्ल्याङ्केट, खानेपानी शुद्धीकरण सामग्री लगायतका राहत सामग्री उचित स्थानहरूमा भण्डारण गर्ने।

जनार्दन गौतम
प्रमुख जिल्ला अधिकारी

१६. जल तथा मौसम विज्ञान विभागबाट प्राप्त सूचना तत्काल जोखिमयुक्त समुदायसम्म पुर्‍याउन SMS, सामाजिक सञ्जाल, स्थानीय एफएम रेडियो, साइरन तथा वडा तहको सूचना संयन्त्रमार्फत पूर्वसूचना प्रणालीलाई प्रभावकारी बनाउने। साथै संचार जगतले पनि प्रचार प्रसार र सुचना संप्रेषणलाई व्यापक बनाउने।

१७. सबै स्थानीय तहले विद्यालय, सामुदायिक भवन तथा अन्य सुरक्षित संरचनालाई अस्थायी आश्रयस्थलका रूपमा तयारी अवस्थामा राख्ने, आवश्यक खानेपानी, शौचालय तथा सरसफाइको व्यवस्था मिलाउने तथा उद्धार मार्गहरूको पहिचान र मर्मत गर्ने।

१८. स्वास्थ्य कार्यालय तथा स्थानीय तहले बाढीपछिका महामारी (झाडापखाला, डेंगु, मलेरिया, हैजा, सर्पदंश आदि) नियन्त्रणका लागि औषधि, स्वास्थ्यकर्मी, एम्बुलेन्स तथा स्वास्थ्य सामग्री तयारी अवस्थामा राख्ने तथा जोखिम क्षेत्रमा जनचेतना कार्यक्रम सञ्चालन गर्ने।

१९. कृषि ज्ञान केन्द्र, पशु सेवा कार्यालय तथा स्थानीय तहले बाली, पशुधन तथा कृषि पूर्वाधारमा हुन सक्ने क्षति न्यूनीकरणका लागि किसानहरूलाई समयमै सूचना, प्राविधिक परामर्श, पशु खोप तथा सुरक्षित स्थानान्तरण व्यवस्थापन गर्ने ।

२०. विपद् घटना लगत्तै प्रारम्भिक तथा विस्तृत क्षति मूल्याङ्कन गर्न जिल्ला तथा स्थानीय तहस्तरमा प्राविधिक टोली परिचालन गर्ने, क्षतिग्रस्त सडक, पुल, खानेपानी, विद्यालय, स्वास्थ्य संस्था लगायतका संरचनाको शीघ्र पुनर्स्थापना कार्ययोजना लागू गर्ने।

२१. चटयाङ्ग जोखिम न्यूनीकरण सम्बन्धी जनचेतना अभियान सञ्चालन गर्ने।

२२. विद्यालय तथा समुदायस्तरमा विपद् प्रतिकार्य अभ्यास (Mock Drill) सञ्चालन गर्ने।

२३. सडक डिभिजन कार्यालय शिवपुरले धानखोला क्षेत्रमा डोजर, एक्साभेटर र लोडर लगायतका सधानहरु तयारी अवस्थामा राख्ने।

२४. पूर्वतयारी पूर्वकार्य र प्रतिकार्यमा सहयोग गर्ने साझेदार संस्थाहरुले जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समिति सँग सम्पर्कमा रही अलर्टमा रहने।

२५. बर्षा र बाढीबारे जानकारी लिन ११९५, विपदमा मद्दत माग्न ११४९, नेपाल प्रहरी १०० र सशस्त्र प्रहरी बल नेपालको ११९४ हटलाईन नम्बर मोबाइलमा सेभ गरी राख्ने र आवश्यक पर्नासाथ फोन गर्ने।

२६. तीनवटै सुरक्षा निकाय स्थानीय तह स्वयंसेवकलगायत सरोकारवाला सबै निकाय प्रतिकार्यका लागि तयारी अवस्थामा रहने।

२७. रेडक्रस सोसाइटी जिल्ला शाखा कपिलवस्तुले कम्तिमा १०० सेट गैर खाद्य सामग्रिको मौज्दात राख्ने।

२८. वर्षातको समयमा उद्योग वाणिज्य संघहरुले पर्याप्त खाद्य र गैर खाद्य सामग्रीको मौज्दातको व्यवस्था मिलाउने र कृत्रिम अभाव सृजना गरी कालोवजारी लगायतका क्रियाकलापहरु हुन नदिने।

जनार्दन गौतम
प्रमुख जिल्ला अधिकारी

Scanned with CamScanner